सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०७८।०७९

च.न.

मितिः २०७८/०९/१४

## विषयः ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलन, निकासी र व्यबस्थापन सम्बन्धी सार्वजनिक सूचना

यस सरुमारानी गाउँकार्यपालिकाको मिति२०७८/०९/१४ गतेको बैठकको निर्णय अनुसार रासि नदिका विभिन्न स्थानबाट नदिजन्य पदार्थ उन्खनन संकलन र निकासीका लागी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) २०७७ अनुसार नदिजन्य पदार्थ ( ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागी राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिबाट प्रास अनुमती अनुसार ढुंङ्गा, गिट्टि र वालुवाको व्यवसायिक संकलन तथा विक्रि वितरणको लागी दरभाउपत्र सुचना आव्हान गरिएको कुनै फर्मवाट निवेदन पर्न नआएको हुनाले गाउँपालिका भित्रका विकास निर्माणका कार्यहरुलाई अगाडी बढाउन आन्तरिक खपतको प्रयोजनको लागी सरुमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरु परिचालन गरी ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलन निकासी तथा व्यबस्थापन कार्य तपशिलको शर्त अनुसार खुल्ला गरिएको छ ।

शर्तहरु निम्नानुसार रहेका छन ।

१. ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन र निकासीका लागी निम्न तोकिएका स्थानहरुबाट मात्र उत्खनन र निकासी गर्नु पर्नेछ ।

| सि .न. | नदी वा खोलाको नाम | स्वीकृत गरिएको ठाउँ ( क्षेत्र) | उत्खनन् गर्न सकिने परिमाण घ.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | राप्ती नदी | झिलिवाङ्ग धाद्र | ३३६१५ | |
| २ | राप्ती नदी | तित्रिवाफ | २१०६० | |
| ३ | राप्ती नदी | सुनघाट वगर | ३३९०० | |
| ४ | राप्ती नदी | ददेरि वगर (क) | ३५७९९ | |
| ५ | राप्ती नदी | ददेरि वगर (ख) | ३२१२८ | |
| | | जम्मा | १५६५०२ | |

२. प्रदेश सरकारले निर्धारण गरेको ढुंङ्गा, गिट्टि र वालुवाको दररेट अनुसार प्रति टेक्टर रु. ४८०/-, ६ चक्के टिप्परको प्रति टिप्पर रु. २,५५०/- , १० चक्के टिप्परको प्रति टिप्पर

प्रमुख प्रशासकीय अधिकृत

website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com 9857836022

सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

प.सः २०७८।७९

च.न.

रु. ३,८३०/- का दरले नगदि रसिद काटी तोकिएको रकम भुक्तान गरे पछि मात्र टेक्टर/टिप्पर लिएर खोलामा जानु पर्नेछ। तोकिएका स्थानबाट गाउँपालिकाबाट खटिएका कर्मचारी बाहेक अन्य ब्यक्तिले नगदि रसिदको प्रयोग गर्न पाईने छैन।

३. ढुंङ्गा, गिट्टि र वालुवाको निकासी, उत्खनन र व्यबस्थापनको मिति २०७८/०९/१६ गते देखी २०७९ जेष्ठ मसान्त सम्म मात्र रहनेछ ।

४. प्रत्येक दिन विहान ८.०० बजे देखि साझ ५.०० बजे भित्र २०७८ माघ १५ गते सम्म र २०७८ माघ १६ गते विहान ७.०० बजे देखि साझ ५.०० बजे भित्र ढुंङ्गा, गिट्टि र वालुवा खोलाबाट निकासी गर्न पाईनेछ सो भन्दा अन्य समयमा निकासी गरेको पाईएमा नियमानुसार दण्ड जरिवाना हुनेछ।

५. जो कसैले ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा माथीका बुदाँहरुमा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना नगरेमा टेक्टरहरुलाई प्रति टेक्टर पहिलो पटक कारवाही स्वरुप रु. ५,०००/- र दोश्रो पटक पछि प्रतिपटक रु. ५,०००/- का दरले थप जरिवाना र टिप्परहरुलाई प्रति टिप्पर पहिलो पटक कारवाही स्वरुप रु. १०,०००/- र दोश्रो पटक पछि प्रति पटक रु. १०,०००/- का दरले थप जरिवाना हुनेछ।

६. जो कसैले ढुंङ्गा, गिट्टि र वालुवा लगेर अनावश्यक रुपमा गैर कानुनी ढंगले डम्पिङ्ग गरेको पाईमा नियमानुसार कार्वाही गरिने छ ।

७. अन्य कुराहरु थपघट गर्नु परेमा कार्यपालिकाले आवश्यकता अनुसार निर्देशन दिनेछ ।

नि. प्रमुख प्रशासकिय अधिकृत